bizmandu
SORRY! WE MIND YOUR BUSINESS


# सार्क सम्मेलन अघि आर्थिक बहस सुरु, विकासका लागि क्षेत्रीय सामिप्यतामा पाण्डेको जोड

प्रकाशित मिति Nov 23, 2014

काठमाडौं। परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले दक्षिण एसियाली क्षेत्रमा सार्कमार्फत आर्थिक विकासमा क्षेत्रीय सामिप्यता बढाउनुपर्ने बताएका छन्। आपसी सहयोगमार्फत आर्थिक विकास गर्दै यो क्षेत्रलाई सम्मृद्धिमा लैजान सकिने भन्दै पाण्डेले व्यापार र लगानी सहजीकरणमा जोड दिनुपर्ने बताए।

१८ औं सार्क शिखरको पूर्वसन्ध्यामा काठमाडौंमा सुरु भएको दुई दिने 'डिपिङ इकोनोमिक कोअपरेसन इन साउथ एसिया एस्पेक्टेसन फ्रम सार्क' कार्यक्रममा मन्त्री पाण्डेले व्यापार र यातायात सुविधामा सहजिकरण गर्दै क्षेत्रीय व्यापारमा वृद्धि गर्नुपर्नेमा जोड दिए।

आर्थिक सहयोग र लगानीसँग सम्बन्धित विषयमा केही कदम चाल्ने हो भने प्रत्यक्ष विदेशी लगानी भित्र्याउन थप सहज हुने मन्त्री पाण्डेको भनाइ छ। मन्त्री पाण्डेले व्यापार सेवामा सार्क राष्ट्रबीच भएका सहमति कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। सार्कले विकासको लक्ष्य राखेर अघि बढ्नुपर्ने भन्दै मन्त्री पाण्डेले विकासका एजेन्डा प्राथमिकतामा पर्नुपर्नेमा जोड दिए।




कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गोविन्दराज पोखरेलले सरकारले आर्थिक रुपमा संभाव्य क्षेत्रको पहिचान गरी विकासका काम अघि बढाइरहेको बताए। उनले यो क्षेत्रमा क्षेत्रीय सहयोगमार्फत विकास तथा व्यापारमा उल्लेख्य प्रगति गर्न सकिने भन्दै व्यापार सहजीकरणमा जोड दिए।

दक्षिण एसियामा ऊर्जाको प्रचुर संभाव्यता भएपनि त्यसको उचित प्रयोग हुन नसकेको भन्दै पोखरेलले नेपाल र भारतबीच भएका केही सहमति यसका लागि सकारात्मक भएको बताए।

यस्तै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष प्रदीपजंग पाण्डेले दक्षिण एसियाली क्षेत्रमा व्यापार सहजीकरणको कुरा भइरहे पनि धेरै समस्याहरु रहेको बताए। यो क्षेत्रका जनता-जनताबीचको सम्बन्ध अझ सुदृढ हुनुपर्नेमा पाण्डेले जोड दिए।

कार्यक्रममा ६० जना भन्दा धेरैको सहभागिता रहेको छ। यसमा अध्येता, नीति निर्माता, निजी क्षेत्रलगायतको प्रतिनिधित्व रहेको छ।